म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३४० सोमबार, ५ साउन २०८२ ने. सं. ११४५ दिल्लागा 21 July 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सबै वडामा चकटी र मुढाको प्रयोग गर्ने उपमहानगरको तयारी

हेटौंडा, ४ साउन/नेपाली समाजमा घरेलु प्रयोजनमा प्रयोग हुँदै आएको परम्परागत चकटी र मुढा अब सरकारी कार्यालयहरूमा पनि देखिन थालेका छन् । स्थानीय सीप र संस्कृतिको संरक्षणमा जोड दिँदै मकवानपुरको हेटौंडा उपमहानगरपालिकाले यो अभियान सुरु गरेको हो । उपमहानगरको कार्यकक्ष, नगरपरिसरमा रहेको चौतारी र प्रतिक्षालयमा मकैको खोस्टाबाट बनाइएका आकर्षक चकटी र बाँसको मुढा राखिएको छ । परम्परागत सीपको संरक्षण, स्थानीय उत्पादनको प्रोत्साहनका लागि चकटी र मुढा जस्ता परम्परागत सामग्रीलाई संस्थागतरुपमा प्रयोगमा ल्याइएको उपमहानगरप्रमुख मीनाकुमारी लामाले बताइन् । यसले संस्कृतिको जगेर्नासँगै स्वरोजगार र वातावरणीय सन्तुलनमा पनि टेवा पुऱ्याउने उनको विश्वास छ । उपमहानगरको १९ वटै वडामा चकटी र मुढाको प्रयोग गर्ने तयारी रहेको उनले बताइन् । उपमहानगरपालिकाको चौतारी तथा प्रतिक्षालयमा राखिएका मुढा र चकटीले सेवाग्राहीलाई बस्न सहज समेत बनाएको छ ।

मकवानपुरका सिडियो र एसपीविरुद्ध जनप्रतिनिधि आन्दोलित

# डेक्स राखेर प्रशासन परिसरबाटै सेवा

साझाकुरा संवाददाता

हेटौंडा, ४ साउन/ हेटौंडा उपमहानगरका जनप्रतिनिधिले प्रमुख जिल्ला अधिकारी (सीडीओ) र जिल्ला प्रहरी प्रमुख (एसपी) विरुद्ध आन्दोलन सुरु गरेका छन् ।

कार्यशैलीका कारण पटकपटक विवादमा आएकी प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ र प्रहरी उपरीक्षक विश्वराज खड्काविरुद्ध जनप्रतिनिधि आन्दोलनमा उत्रिएका हुन् । हेटौंडा उपमहानगरका प्रवक्ता एवम् १ नम्बर वडाअध्यक्ष सविन न्यौपानेमाथि आक्रमण भएको एक महिना वितिसक्दा पनि आक्रमणकारीलाई पक्रन नसकेपछि जनप्रतिनिधि आन्दोलित भएका हुन् । शान्ति सुरक्षाको प्रत्याभूति नभएको भन्दै नगरउपप्रमुख राजेश बानियाँसहित १० वटा वडाका अध्यक्षहरुले दुई घण्टासम्म परिसरमै डेक्स राखेर सेवा प्रवाह गरेका छन् ।

वडा कार्यालयभन्दा जिल्ला प्रशासन कार्यालय बढी सुरक्षित लागेकाले प्रशासनबाट नै सेवा प्रवाह गरिएको उपमहानगरका प्रवक्ता न्यौपानेले बताए । 'आक्रमण भएको एक महिना बितिसक्दा पनि प्रहरीले आक्रमणकारीलाई पक्राउ गर्नुको सट्टा अन्य सोझासाझा जनतालाई दु:ख दिने काम गरेको छ' उनको आरोप छ । आक्रमणकारीको पहिचान भइसकेको अवस्थामा समेत प्रहरीले पक्राउ नगरेकोमा न्यौपानेले दु:ख व्यक्त गरे ।

हेटौंडा उपमहानगरको कार्यालयसहित जिल्लाका राजनीतिक दलको साथ र सहयोग हुँदा पनि प्रहरी प्रशासनले नतिजा दिन नसक्नु दु:खद् भएको उनले बताए । आफूमाथि आक्रमण गर्नेहरु अब पक्राउ पर्ला र कानूनी कारबाहीको दायरामा आउला भन्ने विश्वास नभएको न्यौपानेको प्रतिक्रिया छ । त्यसैगरी हेटौंडा उपमहानगरका उपप्रमुख राजेश बानियाँले अपराधी पक्राउ गर्न प्रहरी र प्रशासनले तदारुकता नदेखाएका कारण आफूहरु बाध्य भएर आन्दोलनमा आउनु परेको बताए । स्थानीय तह स्वयम् सरकार र जनताको सेवक भएपनि आन्दोलन गर्नु बाध्यता भएको उनको भनाइ छ ।

यस विषयमा गृहमन्त्रीसम्म जानकारी गराइसक्दा पनि आक्रमणकारी पक्राउ गर्न नसक्नुमा प्रशासन र प्रहरीकै मिलोमतो रहेको आशंका उब्जिएको उनले बताए । जबसम्म आन्दोलनकारी पक्राउ पर्दैनन्, तबसम्म आन्दोलनका कार्यक्रम जारी रहने उपप्रमुख बानियाँले बताएका छन् । धर्नास्थलमा पुगेका जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख विश्वराज खड्काले आक्रमणकारी पक्राउका लागि प्रहरीले वास्तै नगरेको भन्न नमिल्ने जिकिर गरेका छन् । अनुसन्धानमा प्रहरी प्रशासन निरन्तर खटिरहेको उनको दाबी छ ।




अनुसन्धानका क्रममा नेकपा विप्लव समूहका कार्यकर्ता रहेको पाइएकोले घटनासँग सम्बन्धित केही व्यक्तिहरु पक्राउ परेको उनले बताए । आम सर्वसाधारणदेखि जनप्रतिनिधिको सुरक्षा दिनु प्रहरीको नैतिक कर्तव्य रहेको बताउँदै उपमहानगरसँग निरन्तर समन्वयमा प्रहरीले अनुसन्धान गर्दै आइरहेको उनको भनाइ छ । मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्र कँडेलले भने अनुसन्धानमा केही प्रगति देखिएपनि जुनरुपमा अनुसन्धान हुनुपर्ने हो, त्यो रुपमा हुन नसकेको स्वीकार गरेका छन् । घटना घटेको सुरुदेखि नै जिल्ला प्रशासनले दृश्य अदृश्यरुपमा अनुसन्धान कार्य अघि बढाइरहेको उनले बताए ।

घटनाप्रति शून्य सहनशीलता लिएको उल्लेख गर्दै जनप्रतिनिधिले आवश्यक ठानेमा जिल्ला प्रशासन कार्यालय सुरक्षाकर्मी खटाउन तयार रहेको उनले बताए । उपमहानगरका वडाअध्यक्षहरुले आइतबार र सोमबार जिल्ला प्रशासन कार्यालय परिसरबाट सेवाप्रदान गर्ने र त्यसपश्चात् थप आन्दोलनको घोषणा गर्ने तयारी गरेका छन् । १९ वटा वडा रहेको हेटौंडा उपमहानगरका १० वटा वडाका जनप्रतिनिधि आन्दोलनमा सहभागी थिए । आन्दोलनमा एमालेबाट निर्वाचित वडाअध्यक्ष भने सहभागी भएका थिएनन् । आन्दोलनको कार्यक्रम तय गर्दा सामूहिक निर्णय नगरिएको भन्दै उनीहरु आन्दोलनमा उपस्थित नभएको बताइएको छ ।

वडा कार्यालयमा काम गरिरहेको अवस्थामा हेटौंडा उपमहानगरका प्रवक्ता एवम् १ नम्बर वडाका अध्यक्ष न्यौपानेमाथि गत असार ४ गते आक्रमण भएको थियो । यस आन्दोलनलाई नेपाली काँग्रेसले पनि समर्थन जनाएको छ । काँग्रेस हेटौंडा उपमहानगर सभापति उत्सव इटेनीले प्रमुख जिल्ला अधिकारीको कमजोरीकै कारण प्रहरीको क्षमता हुँदाहुँदै पनि आक्रमणकारीहरु अहिलेसम्म पक्राउ नपरेको आरोप लगाएका छन् । करिब एक महिना अगाडि हेटौंडाको मध्यबजार क्षेत्रमा दिउँसै व्यवसायी कुटिँदा र वडाअध्यक्षमाथि आक्रमण हुँदा पनि प्रहरी प्रशासनले प्रभावकारी कार्य गर्न नसकेको भन्दै प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखविरुद्ध व्यवसायी आन्दोलित भएका थिए । कार्यशैलीले पटकपटक विवादमा सिडिओ

आफ्नै गृहजिल्ला (माइती) रहेको मकवानपुरको प्रजिअ बनेर आएदेखि नै श्रेष्ठ आफ्नो कार्यशैलीका कारण विवादमा तानिएकी छन् । कमजोर समन्वयकारी भूमिका र रवाफिलो कार्यशैलीले उनलाई पटकपटक विवादमा तानेको छ । हेटौंडा अस्पतालविरुद्धको रचनात्मक आन्दोलनलाई दबाउन राज्यशक्तिको दुरुपयोग गर्दै धरपकडमा उत्रिएकी श्रेष्ठविरुद्ध सडकमै नाराबाजी लागेको थियो ।

सडकमै टायर बालेर विरोध भएको थियो । उनीविरुद्ध नेपाली कांग्रेसलगायतका दलहरुले प्रशासन बाहिर आन्दोलन नै गरेका थिए । पत्रकारलाई रोक्न उनले परिसरको गेटसम्मै फोटो र भिडियो खिच्न मनाही रहेको पोष्टर टाँस्न लगाएकी छन् ।

पत्रकारलाई कार्यकक्षमै फोटो र भिडियो खिच्न रोक्दै अभद्र व्यवहार गरेपछि पत्रकार महासंघ मकवानपुरको बैठकले उनलाई क्षमायाचना गर्न अनुरोध गर्ने निर्णय गरेको थियो ।

## यू-१७ महिला खेलाडी छनोट सुरु

साझाकुरा संवाददाता


हेटौंडा, ४ साउन/ अखिल नेपाल फुटबल संघ (एन्फा) ले नेपाली राष्ट्रिय यू-१७ महिला फुटबल टोलीका लागि केन्द्रीय स्तरको खेलाडी छनोट गर्न सुरु गरेको छ ।

मकवानपुरको हेटौंडास्थित गौरीटार रंगशालामा खेलाडी आइतवार छनोट गर्न सुरु गरेको हो । खेलाडी छनोटमा एन्फामा आवद्ध ७ प्रदेश फुटबल संघबाट ३ सय ५० भन्दा बढी खेलाडी सहभागी छन् ।

एन्फाले ४० जनालाई बन्द प्रशिक्षणको लागि छनोट गर्ने एन्फाका केन्द्रीय सदस्य टीका लामाले बताए । एन्फाले जिल्ला र प्रदेश फुटबल संघबाट खेलाडी छनोट गरी केन्द्रीयस्तरको अन्तिम छनोट सुरु गरेको हो ।

दक्षिण एसियाली फुटबल महासंघ (साफ) को कार्यक्रम अनुसार आगामी भदौ ४ गतेदेखि १५ गतेसम्म भुटानमा साफ यू-१७ महिला च्याम्पियनसिप २०२५ आयोजना हुँदैछ ।

प्रतियोगिताका लागि एन्फाले खेलाडी छनोट गर्न लागेको हो । केन्द्रीयस्तरको छनोट साउन ६ गतेसम्म चल्नेछ ।






साझाकुरा

## हाम्रो कुरा

# सरकारबिरुद्ध आन्दोलनमा सरकार

स्थानीय सरकारका प्रतिनिधिले संघीय सरकारबिरुद्धको आन्दोलन सुरु गरेका छन् । झट्ट सुन्दा यो अलिक अनौठो विषय पनि हो । सरकारले सरकारको बिरोध गर्दै आन्दोलनमा उत्रन बाध्य भएको अवस्था अलिक जटिल नै देखिएको छ । स्थानीय जनप्रतिनिधि जो आफूलाई सरकारको रुपमा जनताका लागि समय दिइराखेका छन् र उनीहरु स्थानीय सरकार पनि हो । स्थानीय सरकार भएकै कारण नगरका निर्वाचित वडाअध्यक्षले संघीय सरकारसँगको अपेक्षा पूरा नभएपछि आन्दोलनको सहारा लिन बाध्य भएका हुन् । हेटौंडा उपमहानगरका जनप्रतिनिधिले मकवानपुरका प्रमुख जिल्ला अधिकारी र प्रहरीप्रमुखविरुद्ध भद्र आन्दोलन सुरु गरेका छन् । हेटौंडा उपमहानगरका प्रवक्ता एवम् १ नम्बर वडाअध्यक्ष सविन न्यौपानेमाथि आक्रमण भएको एक महिना वितिसक्दा पनि आक्रमणकारीलाई पक्रन नसकेपछि जनप्रतिनिधि आन्दोलित हुने अवस्था सृजना भएको हो । उनीहरुले आइतबारबाट जिल्ला प्रशासन कार्यालय मकवानपुरमा टेवल राखेर सेवाप्रवाह गरी आन्दोलनको सुरुवात गरेका हुन् ।

वडामा काम गरिरहेको अवस्थामा न्यौपानेमाथि असार ४ गते दिउँसो करिब पौने ४ बजेको समयमा आक्रमण भएको थियो । घटना भएको एक महिनासम्म पनि प्रहरी-प्रशासनले कसैलाई पनि पक्राउ नगरेपछि जनप्रतिनिधि आन्दोलित भएका हुन् । हेटौंडा उपमहानगरका वडाअध्यक्षहरुले दुईदिन जिल्ला प्रशासन कार्यालय परिसरभित्र टेवल राखेर सेवा प्रदान गर्ने र त्यसपश्चात् थप आन्दोलनको घोषणा गर्ने भएका हुन् । वडा अध्यक्षमाथि आक्रमण भएको एक महिना भैसक्दा पनि आक्रमणकारीलाई पक्राउ गर्न नसक्नु मकवानपुरको प्रहरी प्रशासनको लाचारीपन हो भन्दै वडाअध्यक्षहरुले जनप्रतिनिधि सुरक्षित छैनन् भने यस्तो प्रहरी प्रशासनबाट जनताले के अपेक्षा राख्ने ? भन्दै प्रश्न गरिरहेका छन् । वडाअध्यक्षमाथि आक्रमणको घटना भएको एक महिना बितिसक्दा पनि प्रहरीले कसैलाई पक्राउ गर्न नसकेपछि जिल्लाको सुरक्षा अवस्था ज्यादै कमजोर भएको भन्दै विरोध भइरहेको छ । वडाअध्यक्ष न्यौपानेमाथि आक्रमण हुनुअघि हेटौंडा-१० राप्तीरोडमा रहेको दास ईम्पोरियम कपडा पसलका सञ्चालक विन्दल दासमाथि आक्रमण भएको थियो । यस विषयमा हेटौंडा उपमहानगरका मेयर, उपमेयरसहित वडाअध्यक्षहरु र जिल्लाका राजनीतिक दलले आक्रमण गर्नेलाई कानूनी कारबाहीमा ल्याउनुपर्ने माग गरेका थिए । प्रहरीले वडाअध्यक्ष न्यौपानेमाथि आक्रमण गर्नेको खोजीकार्य गर्न छोडेको आरोप लागेको छ । प्रहरीले आक्रमणकारी पक्राउ नगर्दा अन्य जनप्रतिनिधिले समेत खतरा महसुश गर्न थालेको प्रतिक्रिया दिएका छन् । हेटौंडा-१ का वडाअध्यक्ष न्यौपानेले मकवानपुरको सुरक्षाअवस्था इतिहासकै सवैभन्दा कमजोर रहेको बताएका छन् । आफूमाथि आक्रमण गर्नेलाई प्रहरी-प्रशासनले कारबाहीको दायरामा ल्याउने विश्वास लिएका न्यौपानेलाई यतिबेला आशा मरिसकेको छ ।

एक महिना बित्दा पनि कोही पक्राउ नपरेसँगै उनले आशा मारेका हुन् । जिल्लाका प्रहरी प्रशासन निकम्मा देखियो भन्ने ठम्याइका साथ निर्वाचित जनप्रतिनिधि न्याय माग्दै जिल्ला प्रशासन कार्यालयमा धर्नामा छन् । हामी जनप्रतिनिधिले एक महिनासम्म समय दिँदा पनि प्रहरी र प्रशासनले कुनै नतीजा दिएनन् । यस्तो अवस्थामा जनताले शान्तिसुरक्षाको अनुभूति गर्न सक्दैनन् । यो प्रहरी र प्रशासनको अकर्मण्यता हो उनीहरुले भनेका छन् । घटना भएको समयमा एकहप्ताभित्र आक्रमणकारीलाई कानूनी दायरामा ल्याउने वचन प्राप्त भएको वडाअध्यक्षहरुले बताएका छन् । तर, आजसम्म कुनै जवाफ आएको छैन । मकवानपुरमा जनप्रतिनिधिले त न्याय पाउँदैन भने जनताको अवस्था के होला ? उपमहानगरको कार्यालयसहित जिल्लाका राजनीतिक दलको साथ र सहयोग हुँदा पनि प्रहरी प्रशासनले नतिजा दिन नसक्नु दु:खद् भएको उनीहरुले बताएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ साउन ६ गते मंगलबार २२ जुलाई २०२५ । द्वादशी, साउन कृष्णपक्ष । दिल्लागा ११४५ ने.सं. । सूर्योदय ५:२२, सूर्यास्त ६:५७ । स्मति दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : विवाद बढ्न सक्नेछ | तुला | : शुभ समाचार सुन्न पाइनेछ |
| वृष | : उत्साह कम हुनेछ | वृश्चिक | : मान सम्मान पाउन सकिनेछ |
| मिथुन | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | धनु | : मन खिन्न हुन सक्नेछ |
| कर्कट | : उदर-विकार हुन सक्नेछ | मकर | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| सिंह | : परिवारमा उन्नति हुनेछ | कुम्भ | : राजनीतिमा सफलता मिल्नेछ |
| कन्या | : काममा रोकावट आउन सक्नेछ | मीन | : काममा विलम्ब हुनेछ |

# कसरी गरिन्छ शासन प्रणालीको गुणस्तर परीक्षण ?



✍ केशव खतिवडा

लोकतान्त्रिक विधि वा प्रक्रियाबाट स्थापित सरकारले नागरिकको सर्वोत्तम हित आपूर्ति तथा प्रवर्द्धन गर्ने राजनीतिक र कानुनी प्रक्रियाबाट आफूलाई प्राप्त अधिकार र स्रोतको उपयोगद्वारा नीति-नियम बनाउने र कार्यान्वयन गर्ने प्रक्रिया नै शासन हो । व्यक्ति, समाज र राज्यलाई व्यवस्थित गर्ने ऐन-कानुन निर्माण गर्ने, त्यसको कार्यान्वयन गर्ने, गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गर्ने, नियमन र नियन्त्रण गर्ने जस्ता राज्यका समग्र पक्षको व्यवस्थापन गर्नु शासनको प्रमुख उद्देश्य हो ।

सार्वजनिक, निजी र गैरसरकारीजस्ता सबै क्षेत्रलाई व्यवस्थित गर्ने बृहत् अवधारणाका साथै राज्य सञ्चालन गर्ने पद्धति पनि हो शासन । त्यसै गरी कुनै कुरालाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि निर्माण गरिएको एकीकृत संरचना वा ढाँचा नै प्रणाली हो । प्रणाली अन्तर्गत मुख्य गरी ढाँचा वा संरचना, प्रक्रिया, नियमहरू तथा संयन्त्रहरू जस्ता पक्ष समावेश भएका हुन्छन् । शासन भनेको निर्णय र कार्यान्वयनसँग सम्बन्धित हुन्छ भने प्रणाली त्यस्तो निर्णय कार्यान्वयन गर्न प्रयोग हुने संरचना, ढाँचा, प्रक्रियाजस्ता सवालसँग सम्बन्धित हुन्छ । यसरी समग्रमा समाज, संस्था वा देश कसरी सञ्चालन हुन्छ भन्ने सम्पूर्ण संरचना, प्रक्रिया, सिद्धान्त तथा सार्वजनिक नीति-नियमको संयोजनलाई जनाउँछ शासन प्रणालीले । यसले मुलुकको सबै पक्ष र सरकारबिचको सम्बन्धलाई परिभाषित र निर्देशित गर्छ ।

शासन प्रणालीको गुणस्तर परीक्षणले कुनै मुलुक विशेषको, संस्था वा सार्वजनिक निकायको शासन कसरी सञ्चालन भइरहेको छ र त्यसले कस्तो परिणाम दिइरहेको छ भनी गरिने मूल्याङ्कन वा विश्लेषणलाई जनाउँछ । यसमा शासन प्रणालीको पारदर्शिता, जवाफदेहिता, कार्यक्षमता, समावेशिता, कानुनी शासन, आधारभूत मानव अधिकार तथा जनसहभागिता जस्ता पक्षको मूल्याङ्कन गरिन्छ । शासन प्रणालीको परीक्षण विभिन्न तरिकाबाट गर्ने गरिन्छ । जसका लागि विश्वव्यापी रूपमा प्रयोग हुने केही महत्त्वपूर्ण सूचकहरूको प्रयोग गर्नुपर्छ । ती सूचक हुन्– स्वतन्त्रता, समानता, कानुनी शासन, भ्रष्टाचार नियन्त्रण, आवधिक निर्वाचन, सरकारको प्रभावकारिता, जवाफदेहिता, पारदर्शिता, समावेशिता, न्यायपूर्ण सहभागिता, संस्थागत स्थायित्व, मानव अधिकार, राजनीतिक स्थायित्व, आर्थिक वृद्धि, आतंकवादको नियन्त्रण, पर्यावरणीय सन्तुलन आदि ।

त्यसै गरी ट्रान्सपरेन्सी इन्टरनेसनल, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, संयुक्त राष्ट्र संघजस्ता अन्तर्राष्ट्रिय स्तरका संस्थाहरूले प्रकाशित गर्ने प्रतिवेदनले पनि मुलुक विशेषको शासन प्रणालीको गुणस्तरको स्थिति देखाउँछन् । राष्ट्रिय रूपमा हुने नागरिक संवाद, शासनको स्थितिको लेखाजोखा, भ्रष्टाचार सर्वेक्षण, सार्वजनिक सेवाप्रति नागरिक सन्तुष्टि, सार्वजनिक सेवाको पहुँचमा नागरिकको अनुभूति तथा आवधिक निर्वाचन र आवश्यकता अनुसार जनमत संग्रहबाट पनि विद्यमान शासन प्रणालीको परीक्षण गरिन्छ । नागरिक सुनुवाइ, संवैधानिक निकायहरू, बजेट प्रभावकारिताको लेखाजोखा तथा विज्ञद्वारा पनि सार्वजनिक नीति र तिनको प्रभावकारी कार्यान्वयनका बारेमा विश्लेषण गरी शासन प्रणालीको परीक्षण गर्ने प्रचलन छ ।

हरेक मुलुकमा सञ्चालित शासन प्रणालीको परीक्षण वा लेखाजोखा मूलत: मुलुक विशेषका महालेखा परीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग, मानव अधिकार आयोग, अख्तियार दुरुपयोग नियन्त्रण आयोगजस्ता संवैधानिक अंगहरू, समाजकल्याण परिषद्, नागरिक समाज, सञ्चारका माध्यमहरू, न्यायपालिका, विश्वविद्यालयहरू, अनुसन्धानसँग सम्बन्धित निकायहरू, विज्ञ समूहहरू तथा गैरसरकारी संस्थाहरू जस्ता निकायले गर्छन् । बाह्य रूपमा अन्तर्राष्ट्रियस्तरका संस्थाहरूबाट प्रकाशित प्रतिवेदनका आधारमा मूल्याङ्कन हुने गर्छ । नेपालमा पनि शासन प्रणालीको परीक्षण यी नै निकायद्वारा हुने गरेको छ तर शासन प्रणालीको परीक्षण कार्य आफैँमा जटिल, बौद्धिक र बहुआयामिक प्रक्रिया तथा विषय हो ।

शासन प्रणालीको सुधार एक निरन्तर दीर्घकालीन र समग्र प्रक्रिया हो । शासन प्रणालीको सुधारका लागि कानुनी सुधार पारदर्शिता र सूचनामा पहुँचह उत्तरदायित्व प्रणालीको सुदृढीकरण भ्रष्टाचार नियन्त्रण लोकतान्त्रिक सहभागिता प्रशासनिक सुधार शिक्षा र जनचेतनामा वृद्धि स्वतन्त्र न्यायपालिका स्वतन्त्र प्रेस र नागरिक समाजको सक्रियता आदिको प्रमुख भूमिका हुन्छ ।

शासन प्रणालीको गुणस्तर भन्नाले कुनै देश, सरकार वा संस्थाद्वारा नागरिक वा लाभग्राहीका लागि नीति निर्माण गर्ने, तिनको कार्यान्वयन गर्ने, सर्भिस डेलिभरी गर्ने तथा सार्वजनिक स्रोतको समग्र व्यवस्थापन गर्ने र त्यसको प्रभावकारितालाई जनाउँछ । शासन प्रणालीको गुणस्तर कस्तो छ भनी मापन तथा मूल्याङ्कन गर्नका लागि माथि उल्लिखित सूचकहरूको प्रयोग गरिन्छ । मूल्याङ्कन गर्दा सूचक प्रभावकारी रूपमा कार्यान्वयन भई मापनयोग्य परिणाम प्राप्त भएको पाइएमा त्यस्तो शासन प्रणालीको गुणस्तर उच्च स्तरको र कमजोर पाइएमा निम्न स्तरको भनी बुझिन्छ । गुणस्तर निम्न स्तरको भएमा नागरिक असन्तुष्टि पनि व्यापक हुन्छ ।

शासन प्रणालीको गुणस्तरको परीक्षण मुख्यतया दुईवटा पक्षद्वारा गरिन्छ– सरकारी निकायबाट र सरकारी नियन्त्रणमा रहेका निकायभन्दा बाहिर रहेका स्वतन्त्र निकायहरूबाट । सरकारी निकायमा संवैधानिक अंगहरू पर्छन् भने स्वतन्त्र निकायमा नागरिक समाज, सञ्चारका माध्यमहरू, गैरसरकारी निकायहरू, विज्ञ समूहहरू, संयुक्त राष्ट्र संघ, विश्व बैंक, ट्रान्सपरेन्सी इन्टरनेसनलजस्ता संस्था पर्छन् । निष्पक्ष र आधिकारिक रूपमा भने सरकारले गठन गरेका तर सरकारी नियन्त्रणभन्दा बाहिर रहेका विज्ञहरू समेत संलग्न निकायले गरेको मूल्याङ्कन बढी यथार्थपरक हुने गर्छ ।

कानुनी शासन, पारदर्शिता, जवाफदेहिता, सार्वजनिक सेवा प्रवाह, राजनीतिक स्थायित्व, भ्रष्टाचार नियन्त्रण, नागरिक सहभागिता, समावेशिता, आधारभूत मानव अधिकार, आर्थिक वृद्धि, पर्यावरणीय सन्तुलन, आर्थिक स्थायित्व जस्ता शासन प्रणालीका मापन र विश्लेषण गर्ने सूचकका आधारमा स्वतन्त्र मूल्याङ्कन गर्दा हाम्रो शासन प्रणालीको गुणस्तर निकै नाजुक रहेको तथ्यहरूले प्रमाणित गर्छन् । किनभने दल र समूहगत स्वार्थलाई केन्द्रमा र खेर विभिन्न बहानामा गरिने सरकार परिवर्तनले राजनीतिक स्थायित्व दिन सकेको छैन ।

आज दलहरूभित्र स्वार्थकेन्द्रित तीव्र आन्तरिक गुटबन्दी र कलह देखिन्छ । दलतन्त्र हाबी हुँदै गएकाले लोकतान्त्रिक मूल्य र मान्यतामा ह्रास आएको छ । नेतृत्व हस्तान्तरणको संस्कृति विकास भएको छैन । नेतृत्व भिजन, मिसन र एक्सनसहितको हुनुको सट्टा घमण्ड, अहंकार, पूर्वाग्रह र प्रतिशोधपूर्ण देखिन्छ । कानुनी शासनको हवाला संविधान र कानुनले दिएको भए पनि यसको कार्यान्वयन पक्ष अत्यन्तै कमजोर छ । न्यायालय र संवैधानिक निकायहरूप्रतिको विश्वासमा क्षयीकरण हुँदै गएको छ । पारदर्शिता र जवाफदेहिताको सर्वत्र अभाव छ । भ्रष्टाचार र अनियमितताका अनगिन्ती मुद्दाहरू त्यसै थन्किएका छन् ।

न्यायालयमा विचाराधीन रहेका मुद्दा पदावधि र समयावधि सकिँदासम्म निरूपण नभएका थुप्रै उदाहरण छन् । नियामक निकायहरू समेत कठपुतली बन्दै गएका छन् । संघीयता र सुशासन संवैधानिक र कानुनी अलंकार मात्र बन्न पुगेका छन् । सर्वस्वीकार्य तथा पूर्ण संघीयताको कार्यान्वयन हुन सकेको छैन । सुशासन त आफैँमा लज्जित हुँदै गएको छ । संविधान संशोधनको नारा गठबन्धन बन्ने र भत्काउने मन्त्रमा मात्र सीमित हुन पुगेको छ । नीति-निर्माणमा नागरिक सहभागिता कुनै पनि क्षेत्रमा हुन सकेको छैन । आवश्यक ऐन-कानुन बन्न सकेका छैनन् । प्रशासनिक संघीयताको कार्यान्वयन भएको छैन । सरकारका ढाँचा तथा संरचना भद्दा र खर्चिला रहेका छन् । जसले डेलिभरी दिन सकिरहेको छैनन् । यस्ता विकृति र विसंगतिका कारणले नागरिक असन्तुष्टि बढ्दै गएको छ । तसर्थ यी यावत् विषयमा सरोकारवालाले ध्यान जान ढिला हुँदै गएको सर्वत्र अनुभूति हुन थालेको छ ।

*(साभार: रातोपाटी)*

# पत्रकारिताका समस्या र चुनौती: को कति जिम्मेवार ?

✍ सागर पण्डित

'यदि तपाईं संसार परिवर्तन गर्न चाहनुहुन्छ भने पत्रकारिता नै सबैभन्दा छिटो हतियार हो ।' -टोम स्टोपार्ड ।

बेलायतका विख्यात नाटककार स्टोपार्डको यस कथनले पत्रकारिताको शक्ति र प्रभावलाई प्रस्टरूपमा दर्शाउँछ । पत्रकारिता केवल सूचना प्रवाहको माध्यम मात्र होइन, यो सामाजिक उत्तरदायित्व, जनचेतना र सत्ता निगरानीको अभिन्न अंग हो । लोकतान्त्रिक समाजमा जनताले सरकार, सत्ता र शक्तिकेन्द्रसँग जवाफदेहिता खोज्ने माध्यम पत्रकारिता नै हो । विचार र अभिव्यक्तिको स्वतन्त्रता सुनिश्चित गर्ने प्रमुख अवयव स्वतन्त्र पत्रकारिता हो, जसविना प्रजातन्त्रको अस्तित्व केवल औपचारिकता मात्र हुन्छ । नेपोलियन बोनापार्ट भन्छन्- 'पत्रकार भनेका आरोपी, समालोचक, सल्लाहकार, बादशाहका प्रतिनिधि र राष्ट्रका सेवक हुन् । चारवटा विरोधी पत्रिका ४ हजार सैनिकभन्दा पनि डरलाग्दा हुन्छन् ।'

यिनै कारणले पत्रकारितालाई 'चौथो अंग'को रुपमा विश्वव्यापीरुपमा मान्यता दिइएको छ, जसले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको कार्यलाई निगरानी गर्दै जनताको पक्षमा बोल्ने काम गर्छ । यसले नीति निर्माणमा बहस र विमर्शलाई जन्म दिन्छ, सार्वजनिक चासोका मुद्दालाई प्राथमिकता दिन्छ, र सत्तालाई जनउत्तरदायी बनाउन दबाब सिर्जना गर्छ । अमेरिकाका तेस्रा राष्ट्रपति थोमस जेफर्सनको ऐतिहासिक भनाइ अझ गहिरो छ- 'यदि सरकार विनाको समाचारपत्र र समाचारपत्रविनाको सरकारमध्ये रोज्नुपर्‍यो भने म सरकारविनाको समाचारपत्र रोज्नेछु ।' महात्मा गान्धीले पनि पत्रकारिताको नैतिक उचाइबारे उल्लेख गरेका छन्- 'पत्रकारिताको उद्देश्य केवल आम्दानी गर्नुहोइन, जनताको आवाज बोल्नु हो ।'

यति धेरै महत्व बोकेको पत्रकारिताले आज विश्वव्यापीरुपमा चुनौती र संकट व्यहोर्नुपरिरहेको छ । यस्ता चुनौती र संकट अरुहरुको तुलनामा नेपाललगायत तेस्रो विश्वका देशहरुमा बढी छ । प्रजातन्त्रको अभावमा कतिपय मध्यपूर्वी देशमा पत्रकारिताले अत्यधिक दु:ख र कष्ट व्यहोर्नुपरिरहेको छ । आन्दोलनका नाममा कैयौं पत्रकारहरु मृत्युको मुखमा पर्न बाध्य भइरहेका छन् । नेपालमा भने विश्वमै उन्नत मानिएको शासन प्रणालीको रुपमा रहेको संघीय लोकतान्त्रिक गणतन्त्र रहे पनि नेपालको पत्रकारिताले आफूलाई पूर्ण सुरक्षित भएको अनुभूति गर्न सकिरहेको छैन । यो ठूलो विडम्बनापूर्ण तथ्य हो । पत्रकारिताको जिम्मेवारी निकै गहिरो र संवेदनशील छ । लोकतान्त्रिक भनिएकै शासकहरु उदार हुन नसक्दा र पत्रकारिता क्षेत्रलाई फराकिलो दृष्टिले हेर्न नसक्दा यहाँको पत्रकारिताले समस्या र चुनौती भोग्नुपरेको हो । तथापि, हाल हामीकहाँ देखिएको एक चिन्ताजनक अवस्था भनेको सकारात्मक पत्रकारिता गर्न नसक्नु र पत्रकारहरुमा सकारात्मक चिन्तनको अभाव हुनु पनि हो । अधिकांश समाचारहरू नकारात्मक घटना, आरोप, असफलता र विफलताको वरिपरि घुमिरहेका छन् । यसबाट समाजमा 'मुलुक खत्तम भयो', 'देश बर्बाद हुँदै छ' भन्ने किसिमका निराशाजनक भाष्यहरू जन्मिइरहेका छन् ।

यो प्रवृत्ति दीर्घकालीनरूपमा लोकतन्त्र, सुशासन र सामाजिक मनोविज्ञान दुवैका लागि घातक हुन सक्छ । पत्रकारिताको मूल उद्देश्य केवल गलतलाई उजागर गर्नु मात्र होइन, समाज र देशमा आशाको किरण देखाउनु पनि हो । खबरदारीसँगै उत्प्रेरणा दिन सक्ने शक्ति पनि पत्रकारितामा हुनुपर्छ । समाजमा आशा जगाउने, उदाहरणीय कार्यहरू देखाउने, विकास र निर्माणका सकारात्मक प्रयासहरूलाई उजागर गर्ने जिम्मेवारी पनि पत्रकारिताकै हो । नेपालमा पत्रकारिता एउटा यस्तो क्षेत्र हो, जसले राष्ट्र निर्माणका प्रत्येक मोडमा साक्षीको भूमिका निर्वाह गर्दै आएको छ । विश्वव्यापीरुपमा यसलाई लोकतन्त्रको चौथो अंगको रुपमा लिइने भए पनि नेपालका शासकहरुको दिमागमा यो तथ्य राम्ररी घुस्न सकेको छैन । यसका कारण पनि नेपालको पत्रकारिता जगत्ले स्थायीरुपमा नै विभिन्न चुनौती र संकट व्यहोर्नुपरिरहेको छ, जुन हाम्रो लोकतान्त्रिक शासन व्यवस्थाको लागि अशोभनीय कुरा हो । नेपालको पत्रकारिता क्षेत्रले भोग्नुपरेका चुनौतीलाई निम्नरुपमा उल्लेख गर्न सकिन्छ । यिनै चुनौतीका आधारमा यहाँको पत्रकारितालाई समस्या र संकटमा पार्ने पक्षहरु को हुन् ? भन्ने बारेमा समेत बुझ्न सकिन्छ ।

**१. सरकारी पक्षबाटै चुनौती :**

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र बनेको झन्डै एक दशकभन्दा बढी समय बितिसकेको छ । तर पनि पत्रकारिता र सञ्चार माध्यमको विकास तथा संरक्षणका लागि आवश्यक नीति, कानुन र संरचनागत व्यवस्था अझै पनि अधुरो र अस्पष्ट छ । सरकारका विभिन्न निकायहरू प्रेसप्रति संवेदनशील छैनन् । सञ्चारकर्मीहरूमाथि प्रहरी लगाउने, मनपरी कानुनी व्यवस्था लागू गर्ने र साइबर कानुनको नाममा अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लगाउने प्रयास भइरहेका छन् । पछिल्लो समय 'डिजिटल सुरक्षा'को नाममा आउने कानुनी विधेयकहरू आलोचना र सेन्सरको औजार बन्न पुगेका छन् । सूचनाको स्रोतमा पहुँचलाई पनि सरकारी अधिकारीहरुले सरल र सहज बनाउनेतर्फ कुनै ध्यान नै दिएका छैनन् । बरु कसरी हुन्छ, सूचना लुकाउनेतर्फ नै उनीहरुको ध्यान केन्द्रित हुने गरेको छ ।

**२. आर्थिक अभाव र पेसागत असुरक्षा :**

नेपालमा पत्रकारिता गर्दा २४ सै घण्टा खटिने पत्रकारहरूसमक्ष बिहान-बेलुका पेट भर्ने चिन्ता छ । यो यथार्थताले पत्रकारिताको आत्मसम्मानमा ठेस पुर्‍याएको छ । उचित पारिश्रमिक नपाउने, कामको सुरक्षा नभएको, बिमा र पेन्सन सुविधा नपाउने अवस्थाले पत्रकारलाई निराश बनाएको छ । पेसामा टिक्न नसकेर धेरै दक्ष पत्रकार वैकल्पिक पेसा रोज्न बाध्य भएका छन् भने केही विदेश पलायन भएका छन् । आर्थिकरूपमै कमजोर पत्रकारलाई आफ्नो स्वतन्त्रताको रक्षा गर्न कठिन हुन्छ । एउटै सञ्चारमाध्यममा २०-२५ वर्षसम्म बिताएका सञ्चारकर्मीहरुको सुरक्षाको ग्यारेन्टी शून्य प्राय: छ । ती मिडियाले त्यस्तो पत्रकारको सुरक्षाको लागि कुनै प्रकारका विशेष योजना र कार्यक्रम ल्याउन सकेका छैनन् ।

**३. राजनीतिक प्रभाव र पक्षधरता :**

नेपालको सञ्चार क्षेत्रमा राजनीतिक प्रभाव निकै गहिरो छ । कतिपय मिडिया घरानाहरू राजनीतिक दल, नेताहरू वा व्यावसायिक समूहहरूको स्वार्थमा चलिरहेका छन् । यसले समाचारको निष्पक्षता, सन्तुलन र विश्वसनीयतामा प्रश्न उठाएको छ । पत्रकारिता सूचना दिने माध्यम नभई अभियान चलाउने हतियार बन्ने होडबाजी देखिन थालेको छ । यसले सम्पूर्ण पत्रकारिता क्षेत्रको नैतिक धरातल कमजोर बनाइरहेको छ । पार्टी पत्रकारिताले पनि समस्या र चुनौती थपिएको छ ।

**४. पेसागत आचारसंहिता र पीत पत्रकारिता :**

कतिपय सञ्चारमाध्यम र पत्रकारहरूले आफ्नो पेसागत धर्म र मर्म बिर्सँदै गएका छन् । समाचारको सत्यतथ्य, पुष्टि र स्रोतको सम्मानभन्दा पनि सनसनी, लाभ वा प्रभावको खोजीमा पीत पत्रकारिताको अभ्यास बढ्दो छ । यस्ता प्रवृत्तिले सम्पूर्ण पत्रकारितामाथि नै अविश्वासको बादल मडारिएको छ । पत्रकारितालाई मात्र कमाई खाने भाँडोको रूपमा लिँदा यस पेसाको आत्मा नै खल्बलिएको छ । यसैले पत्रकारितामाथि जनताको विश्वास घट्दै गएको छ । पत्रकारहरु व्यावसायिक मर्यादालाई उल्लैन गर्दै आर्थिक र अन्य लाभ उठाउन तल्लीन छन् । सरकारी सेवामा जस्तै पत्रकारिता क्षेत्रमा पनि घुस प्रथा मौलाउन पुगेको भन्दै आलोचना हुने क्रम बढेको छ ।

**५. प्राविधिक चुनौती र डिजिटल संक्रमण :**

सूचना प्रविधिको तीव्र विकासले पत्रकारितामा नयाँ सम्भावनासँगै गम्भीर चुनौती पनि ल्याएको छ । डिजिटल प्लेटफर्म, अनलाइन मिडिया, सामाजिक सञ्जालको विस्तारसँगै 'फेक न्यूज', भ्रमपूर्ण सूचना र तथ्यहीन प्रचारको प्रवाह बढेको छ । यस्ता समाचारको तथ्य जाँच गर्ने प्रविधि, दक्ष जनशक्ति र समयको अभावले समाचारको विश्वसनीयता कमजोर बनिरहेको छ । साथै, प्रिन्ट मिडिया बजार पनि खुम्चिँदै गएको छ, जसले धेरै संस्थाहरू बन्द हुने वा डिजिटलमा रुपान्तरण हुने बाध्यता ल्याएको छ ।

**६. संरचना, पूर्वाधार र जनशक्तिको अभाव :**

नेपालका अधिकांश जिल्ला र ग्रामीण भेगमा सञ्चार संस्थाहरू आवश्यक पूर्वाधार र स्रोतविनाको अवस्थामा सञ्चालित छन् । ग्रामीण पत्रकारिताको अवस्था अझ दयनीय छ, जहाँ न त प्रविधि छ, न त तालिम प्राप्त जनशक्ति । सञ्चार क्षेत्रको समग्र विकासका लागि समान पहुँच र समान अवसरको प्रत्याभूति नभएसम्म पत्रकारिताको सन्तुलित विकास सम्भव छैन ।

**७. सुरक्षा जोखिम र प्रेस स्वतन्त्रताको सीमारेखा :**

नेपालमा पत्रकारहरूले अझै पनि लेख्न डराउनुपर्ने अवस्था छ । विशेष गरी सत्ता वा ठूला व्यावसायिक समूहविरुद्ध कलम चलाउँदा धम्की, डर त्रासा वा मुद्दा लगाउने क्रम अझै पनि जारी छ । कतिपय अवस्थामा पत्रकारहरूमाथि हातपात, गैरकानुनी पक्राउ र अपमानजनक व्यवहार भएका तथ्यहरू सार्वजनिक भएका छन् । यो अवस्थाले स्वतन्त्र पत्रकारिता गर्ने वातावरणको अभाव देखाउँछ । यस्तो अवस्थामा शासकहरुले पत्रकारिताको संरक्षणका लागि कुनै पहल गर्ने गरेका छैनन् । उल्टो मौन बसेर पत्रकारलाई दु:ख दिने प्रवृत्तिमा सहयोगी बन्ने गरेको देखिन्छ । यसै गरी अदालतमा हुने भ्रष्टाचार र त्यसमा हुने न्यायाधीशको संलग्नताका बारेमा पनि पत्रकारलाई लेख्न कठिन हुने गरेको छ ।

**८. आन्तरिक अनुशासन र जिम्मेवारीबोधको अभाव :**

पत्रकारिता स्वतन्त्र छ भनेर जे-जति मन लाग्यो त्यही लेख्न वा प्रसारण गर्न पाइन्छ भन्ने होइन । स्वतन्त्रता जिम्मेवारीसहित आउँछ । तर कतिपय पत्रकार र मिडिया संस्थाले आन्तरिक अनुशासन र आत्मसंयमको पालना गर्न सकेका छैनन् । स्रोतको गोपनीयता, पीडितको मर्यादा, संवेदनशील मुद्दामा सन्तुलित व्यवहारजस्ता पक्षमा कमजोरी देखिन्छ । पत्रकारहरूबीच प्रतिस्पर्धा स्वस्थ नभई 'को अघि कसरी उछिन्ने' भन्ने होड चलिरहेको छ । सामाजिक सञ्जालमा आएका फेक विषयलाई पत्रकारितामा घुलन गराएर झनै बदनाम गराउने कामसमेत हुने गरेको छ ।

**९. सकारात्मक चिन्तन फैलाउन असफल :**

समाजमा आशा जगाउने, उदाहरणीय कार्यहरू देखाउने, विकास र निर्माणका सकारात्मक प्रयासहरूलाई उजागर गर्ने जिम्मेवारी पनि पत्रकारिताकै हो । नेपालमा भइरहेका ठूला पूर्वाधार निर्माण, स्वास्थ्य र शिक्षामा भएका सुधार, स्थानीय तहका सफल कार्यक्रमहरू, युवाले शुरु गरेका सिर्जनात्मक अभियानहरू- यस्ता उदाहरणहरूलाई प्राथमिकता दिइनु अत्यावश्यक छ । जनतालाई केवल समस्या मात्र होइन, समाधानतर्फ पनि डोर्‍याउने पत्रकारिता आजको आवश्यकता हो । तर यस्ता विषयमा नेपाली पत्रकारिता नराम्ररी चुक्दै आइरहेको छ ।

**१०. सन्तुलित पत्रकारितामा समस्या :**

अवश्य सत्ताको आलोचना गर्नुपर्छ, गलतमा औंला ठड्याउनुपर्छ, तर त्यो सँगसँगै आशा, प्रेरणा र समाधानको दिशातर्फ डोर्‍याउने 'सन्तुलित पत्रकारिता' पनि अपरिहार्य छ । लोकतन्त्रमा पत्रकारिता 'चौथो अंग' मात्र होइन, समाजको सांस्कृतिक प्रतिविम्ब र भविष्यप्रति मार्गदर्शन दिने शक्ति पनि हो । त्यसैले, खबरदारी गर्दै सकारात्मकता भर्नु आजको पत्रकारिताको प्रमुख जिम्मेवारी बन्न पुगेको छ ।

**११. सामाजिक पछौटेपन :**

हामीकहाँ शिक्षित, चेतनशील र जागरुक समाजको संख्या निकै कम छ । किनकि पत्रकारिताको प्रमुख आधार भनेकै शिक्षित, सभ्य र सुसंस्कृत समाज हो । त्यसैले यहाँको पत्रकारिता चुनौतीमा छ ।नेपालमा पत्रकारिताका चुनौतीहरू गम्भीर र बहुआयामिक छन् । तीमध्ये केही बाह्य छन् भने केही पत्रकारिता स्वयंभित्रका छन् । समाधानका लागि राज्य पक्षले पत्रकारिता अनुकूल नीति, सुरक्षा, उचित पारिश्रमिक, पेसागत सम्मान र सशक्त संरचना निर्माणमा ध्यान दिनुपर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# एजेन्ट मार्फत किशोरीको डिम्ब बेचबिखन, डा. स्वस्तिसहित ४ जनामाथि मुद्दा दता




काठमाडौं/किशोरीलाई आर्थिक प्रलोभनमा पारेर अवैध डिम्ब बेचबिखन गर्दै आएका होप फर्टिलिटी एन्ड डाइग्नोस्टिक क्लिनिक सञ्चालक सहित कर्मचारीलाई बालबालिका ऐन २०७५ को कसुर अनुसार मुद्दा दर्ता गरिएको छ ।

प्रहरी केन्द्रीय अनुसन्धान ब्युरो (सीआइबी) का अनुसार ५ जनालाई बालबालिका ऐन २०७५ को दफा ६६ बमोजिम मुद्दा दर्ता गरिएको हो । सीआईबीका प्रवक्ता युवराज खड्का अनुसार डा. स्वस्ति शर्मा, असिम अधिकारी, मलिनी चौधरी, अलिसा ओली र जस्टिना प्रधानलाई मुद्दा चलाइएको छ । १८ वर्ष नपुगेका किशोरीलाई आर्थिक प्रलोभन देखाएर कारोबार गरेको भन्दै सूचना आएपछि प्रहरीले अनुसन्धान गरेको थियो ।

प्रवक्ता खड्का अनुसार डिम्ब निकालिएका दुई किशोरीमा स्वास्थ्य समस्या आएपछि उनीहरूले नै उजुरी दिएका थिए । 'महिनावारी नहुने र अत्याधिक पेट दुख्ने समस्या भएपछि ती किशोरीले उजुरी गरेका थिए,' खड्काले संचारकर्मीसँग भने, 'अनुसन्धानको क्रममा उनीहरूलाई आर्थिक रूपमा फकाएर डिम्ब निकालिएको पाइयो ।'

ती किशोरीकै बयानमा क्रममा आफूहरूलाई १० हजार दिएर डिम्ब निकाल्ने गरेको बताएका थिए । ती किशारीहरू 'प्लस टु' मा अध्ययन गरिरहेका विद्यार्थी हुन् । 'हामीले अनुसन्धान गरिरहेका छौं । अब अनुसन्धान बढ्दै जाँदा अन्य थप तथ्य पनि खुल्दै जालान्,' खड्काले भने । यो प्रकण बाहिर आएपछि सीआईबीले अन्य आईभीएफ सेन्टर लाई पनि निगरानीमा राखेको छ ।

सीआईबीको प्रारम्भिक अध्ययनले जस्टिना प्रधान किशोरी उपलब्ध गराइदिने बिचौलिया काम गर्दै आएको खुलेको छ । दुवै किशोरीलाई क्लिनिकसम्म पुर्‍याइदिने काम भने जस्टिनाले गरेकी थिइन् । यसबापत कमिसन लिने गरेकी थिइन् । पीडितहरूले किशोरीले आफूहरूलाई ९ देखि १० दिनसम्म इन्जेक्सन लगाएर राखिएको बताएका छन् । पछि डिम्ब विकास भइसकेपछि सानो शल्यक्रियामार्फत निकाल्ने र त्यसलाई प्रिजर्भ गरेर राख्ने गरेको पाइएको छ ।

'पैसाको लोभमा किशोरीलाई प्रयोग गरिएको देखिन्छ । किनकि क्याम्पस पढ्ने विद्यार्थीलाई फकाउन सहज हुने भएकाले क्लिनिकले एजेन्ट नै राखेर काम गर्दै आएको खुलेको छ,' खड्का भन्छन् ।

नेपालमा डिम्बदानबारेमा स्पष्ट नियमावली र गाइडलाइन बनिसकेको छैन । नेपालमा बाँझोपन एउटा ठूलो समस्या बन्दै गएको छ । वीर्यदान र डिम्बदानसम्बन्धी उपयुक्त कानुनी नियमन नहुँदा यस्ता घटना भइरहेको विज्ञ बताउँछन् । सीआईबीले पक्राउ परेका सबैविरुद्ध अनुसन्धानका लागि म्याद थप्न सोमबार जिल्ला अदालत काठमाडौं लगेको थियोरु। तर, अदालतले सबैलाई हाजिरी जमानीमा छाडिदिएको छरु।

डिम्ब दानसम्बन्धी स्पष्ट कानुन नहुँदा अदालतले पक्राउ परेका सबैलाई हाजिरी जमानीमा छाडेको हो । तर प्रवक्ता खड्काले हाजिरी जमानीमा छुटेका भएपनि बालबालिकाको कुसरमा मुद्दा दर्ता भइसककाले तीव्र रूपमा अनुसन्धान भइरहेको बताए ।

### आईभीएफ सेन्टर खुलेसँगै डिम्ब बेच्ने चलन फस्टायो

डिम्बदान 'अन्डा दान' भनेको कुनै महिलाले आफ्नो अन्डा अर्को महिलालाई दान दिने प्रक्रिया हो, जसले प्राकृतिक रूपमा गर्भधारण गर्न सक्दैनन् । महिलामा उमेरका कारण अन्डाको गुणस्तर वा मात्रा कम भएको अवस्था जस्तै, ३०-३५ वर्षभन्दा माथि उमेरमा ढिलो विवाह र ढिलो सन्तानको योजना बनाउँदा यस्ता समस्या देखिन सक्छन् । स्वास्थ्य मन्त्रालयका अधिकारी अनुसार डिम्ब (अन्डा) निकाल्ने प्रक्रिया र त्यससँग जोडिएका जोखिम तथा कानुनी प्रावधानको अझै स्पष्टता छैन । महिलाले जन्मजातै सीमित संख्यामा अन्डासहित जन्मिन्छिन्, जुन संख्या जीवनभर पुन: उत्पादन हुँदैन । अन्डाको विकास महिलाको भ्रुणावस्थामै सुरु भइसकेको हुन्छ ।

स्त्री रोग विशेषज्ञ डा. कीर्तिपाल सुवेदी उदाहरण दिँदै भन्छन्, 'महिलाहरू फ्यामिली रि जर्भसहित जन्मिन्छन्, जुन ट्याङ्की जस्तै हो । त्यो ट्याङ्की महिनावारी सुरु भएपछि बिस्तारै खुल्दै जान्छ ।' सामान्यतया प्रत्येक महिनामा एक वटा अन्डा निस्किन्छ र गर्भवती नभएमा महिनावारीको रूपमा बाहिरिन्छ । तर जब औषधिको सहायताले डिम्ब निकाल्ने प्रक्रिया गरिन्छ । शरीरले एकैपटक धेरै अन्डा उत्पादन गर्छ ।

'अन्डा निकाल्ने औषधि खाँदा धारा ठूलो खोलिएको जस्तै हुन्छ,' डा. सुवेदी भन्छन् 'यसले महिला शरीरको कुल डिम्ब सञ्चितिलाई छिटो खपत गराउँछ ।' स्त्री रोग विशेषज्ञका अनुसार बारम्बार डिम्ब निकाल्दा अन्डाको संख्या चाँडै सकिन सक्छ । यसले महिनावारी चाँडै सुक्ने वा हर्मोनको कमीजस्ता समस्या निम्त्याउँछ ।

नेपालमा डिम्ब बेचबिखन गैरकानुनी भए पनि नियमनको अभावले यस्तो क्रियाकलाप बढ्दै गए । एक स्त्री रोग विशेषज्ञका अनुसार कानुनले डिम्ब किनबेचको कल्पना नै गरेको छैन । तर पछिल्लो समय जथाभवी खुलेका आईभीएफ सेन्टरले महिलाबाट डिम्ब निकाएर किनबेच गर्ने अभ्यास धेरै छ ।

'कानुनले अनुमति नदिएको विषयमा अस्पतालले किन्ने, महिलाले बेच्ने चलन बढ्नु चिन्ताजनक हो,' ती विशेषज्ञ भन्छन् । एक चिकित्सकका अनुसार अविवाहित वा यौनसम्पर्कमै संलग्न नभएकी महिलाले अन्डा दान गर्दा दीर्घकालीन प्रभावको मूल्यांकन आवश्यक हुन्छ ।

'उनीहरूको अन्डा सञ्चिति (ओभरियन रिजर्भ) कति छ, दान गरेपछि भविष्यमै उनलाई पुग्छ कि पुग्दैन ? यस्ता कुराको प्रामाणिक मूल्यांकन नभएपछि समस्या आउन सक्छ,' एक वरिष्ठ स्त्री रोग विशेषज्ञ भन्छन् । अन्डा निकाल्ने प्रक्रिया आफैंमा सहज छैन । महिनावारीको दोस्रो वा तेस्रो दिनदेखि औषधि सेवन गनुपर्छ । त्यसपछि करिब १० देखि १४ दिनमा अन्डा तयार हुन्छन् ।

सामान्यतया शरीरले एक महिनामा एउटा मात्र अन्डा उत्पादन गर्छ, तर औषधिको प्रयोगले चार-पाँच वा बढी अन्डा एकैपटक तयार गरिन्छ । त्यसपछि अन्दाजी १८औं दिनमा महिलालाई बेहोस बनाएर सुताइन्छ र योनीमार्गबाट सानो उपकरण राखेर अन्डा निकालिन्छ । 'यो प्रक्रिया छोटो शल्यक्रिया जस्तै हो, तर बेहोसी अवस्थामै गरिन्छ,' एक चिकित्सक भन्छन् ।

### ललाइफकाइ गरेर किशोरीको प्रयोग

डिम्बको गुणस्तर उमेरसँग सम्बन्धित छ । ३० वर्ष नाघेपछि अन्डाको गुणस्तरमा ह्रास आउँछ भन्ने मान्यता अनुसार केही क्लिनिकहरूले २० देखि २५ वर्षमुनिका महिलालाई प्राथमिकतामा राख्ने गरेका छन् । तर कानुनी अभावको अवस्थाले गर्दा नाबालिगमाथि शोषण, स्वास्थ्य जोखिम र गलत प्रयोगको भइरहेका छ ।

'किशोरीहरू गर्भधारणको आवश्यकता बुझ्ने अवस्थामा हुँदैन,' एक चिकित्सक भन्छन्, 'त्यसैले बालबालिकालाई प्रयोग गर्न सजिलो देखिन्छ र उनीहरूलाई कम रकम दिएर सहमत गराउन सकिन्छ भन्ने मानसिकता रहन्छ ।' ती चिकित्सकले थपे, 'बाहिरबाट हेर्दा ललाइफकाइ गरेर प्रयोग गर्न सजिलो, पैसा थोरै लाग्ने र प्रक्रिया सजिलो देखिने भएकाले कम उमेर समूह प्राथमिकतामा परेका छन् । तर यो खतरनाक अभ्यास हो ।'

चिकित्सकका अनुसार बाहिरका देशमा विवाह गरिसकेको, कम्तीमा एक सन्तान भइसकेको महिला मात्र योग्य ठहरिन्छन् । तर नेपालमा त्यस्तो खालको कुनै व्यवस्था छैन । तर स्त्री रोग विशेषज्ञका अनुसार कानुन बनाएर बाँझोपन समस्या झेलिरहेका महिलाका डिम्ब दान गर्न पाउने व्यवस्थालाई सहज बनाउनुपर्छ ।

विज्ञहरूका अनुसार नेपालमा १३ देखि १५ प्रतिशत विवाहित जोडीमा बाँझोपनको समस्या देखिएको छ । डा. सुवेदीका धेरै महिला अन्डाको कमी वा गुणस्तर कमजोर भएकै कारण गर्भधारण गर्न सकिरहेका छैनन् । यस्तो अवस्थामा डोनेटेड अन्डा मार्फत गर्भाधान सम्भव हुनाले यसलाई कानुनी मान्यता दिनु आवश्यक भएको उनको तर्क छ ।

उनले थपे, 'यो विषयलाई नीति बनाउँदा बाँझोपन भएका महिलालाई ठूलो राहत मिल्छ । यो गम्भीर विषय हो, यसको समाधान कानुनीरूपमै खोजिनुपर्छ ।'

### स्वास्थ्य मन्त्रालयले बनायो छानबिन समिति

किशोरीको डिम्बको कारोबार गरेको घटना बाहिर आएपछि स्वास्थ्य मन्त्रालयले छानबिन सुरु गरेको छ । मन्त्रालयले सचिवस्तरिय निर्णय गर्दै प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. ज्वाला थापाको संयोजकत्वमा तीन सदस्यीय समिति बनेर काम सुरु भइसकेको छ । समितिमा मन्त्रालयमा कार्यरत डा. सुनिता लम्साल र कानुन अधिकृत सुरेश चौलागाईं सदस्य छन् ।

स्वास्थ्य सचिव डा. विकास देवकोटाका अनुसार समिति शुक्रबार गठन भएको हो । समितिलाई अनुगमन गरेर प्रतिबेदन बुझाउन पाँच दिनको समय दिइएको छ । नेपालमा 'फर्टिलिटी' अथवा 'आईभीएफ' क्लिनिकहरूले गरिरहेको कामको अनुगमन स्वास्थ्य मन्त्रालय अन्तर्गतको गुणस्तर मापन तथा नियमन महाशाखाले गर्ने गर्छ ।

मुलुकी देवानी संहिताको दफा १०९ ले 'कृत्रिम गर्भाधानबाट जन्मिएका शिशुको पितृत्व बाबुको हुने' व्यवस्था गरेको छ । उक्त दफाले पतिपत्नीको मन्जुरीले अन्य कुनै व्यक्तिको वीर्यबाट कृत्रिम गर्भाधान प्रणालीद्वारा सन्तान जन्माउन सकिने उल्लेख गरेको छ ।

जनस्वास्थ्य सेवा नियमावली, २०७७ ले आईभीएफ लगायतका सेवालाई विशिष्टीकृत सेवा भनेर परिभाषित गरेको छ । तर यस्ता सेवाको सञ्चालन र यिनलाई नियमन गर्न आवश्यक कानुनहरू बेलैमा नल्याइँदा पछिल्ला समस्याहरू देखिएको विज्ञहरू बताउँछन् ।

'डिम्ब किनबेचको विषय सञ्चार माध्यममा आएपछि थप बुझ्नका लागि समिति गठन गरेका छौं,' डा. देवकोटाले भने, 'डिम्बको विषयमा थप कानुनी आधार आवश्यक छ । यस समस्या समधान गर्ने गरी प्रतिवेदनमा समेट्न भनेका छौं ।'

*(स्रोत: अनलाइनखबर)*

साफ यू-२० महिला च्याम्पियनसिप :

# बंगलादेशसँगको अन्तिम खेल नेपालका लागि 'फाइनल' सरह



काठमाडौं/नेपाली यू-२० महिला फुटबल टोली साफ यू-२० महिला च्याम्पियनसिपको उपाधि जित्ने लक्ष्यसहित बंगलादेश पुगेको थियो । अब नेपालले घरेलु टोली बंगलादेशविरुद्ध च्याम्पियनसिपको अन्तिम खेल खेल्दैछ र यो नेपालका लागि फाइनल जस्तै हुनेछ । राउण्ड रोबिन लिगको अन्तिम खेल भएपनि नेपालका लागि भने यो अघोषित फाइनल नै हुनेछ ।

किनभने बंगलादेशलाई पछि पार्दै च्याम्पियन बन्नका लागि नेपाललाई जितको विकल्प छैन । बंगलादेश भने बराबरीले मात्र पनि च्याम्पियन बन्नेछ । हाल बंगलादेश ५ खेलबाट १५ अंक जोडेर शीर्ष स्थानमा छ । बंगलादेशले खेलेको पाँचवटै खेल जितेको छ । यस्तै नेपालले ४ जित र १ हराबाट १२ अंक जोडेको छ र दोस्रो स्थानमा छ । नेपालले भुटान र श्रीलंकालाई दुई-दुई खेलमा पराजित गर्दा बंगलादेशसँग भने पराजित भएको थियो ।

अन्तिम खेलअघि नेपाल भन्दा बंगलादेशले ३ अंक बढी जोडेको छ । त्यसैले अंक बराबरी गर्न पनि नेपालले अन्तिम खेलमा बंगलादेशलाई हराउनुपर्नेछ । त्यसो भएमा नेपालले बंगलादेशलाई भेट्टाउने छ । यस्तोमा च्याम्पियन बन्न गोल अन्तर निर्णायक हुनेछ । ५ खेलमा नेपालले कूल ३० गोल गर्दा बंगलादेशले २४ गोल गरेको छ । दुवै टिमले समान ४ गोल व्यहोरेका छन् । नेपाल र बंगलादेश बीच हेड टु हेडमा बंगलादेशले पहिलो खेल ३-२ ले जितेको थियो । अहिलेसम्म बंगलादेश हेड टु हेडमा पनि अघि छ र हेड टु हेड गोल अन्तरमा पनि एक गोलले अघि छ ।

यदि नेपालले अन्तिम खेलमा बंगलादेशलाई दुई गोल अन्तरले पराजित गर्न सकेमा स्वत: च्याम्पियन बन्नेछ । यदि नेपालले एक गोल अन्तरले बंगलादेशलाई हराएमा दुवैको अंक बराबर हुनेछ भने हेड टु हेडमा पनि गोल अन्तर बराबर हुनेछ । यस्तो अवस्थामा समग्र गोल अन्तर हेरिनेछ ।

नेपालले एक गोल अन्तरले मात्र जितेपनि समग्रमा नेपालको गोल अन्तर धेरै हुनेछ । त्यसैले अन्तिम खेल नेपालका लागि 'डु अर डाई' (गर या मर) नै हुनेछ । नेपालले यसअघि भुटानलाई पहिलो खेलमा ६-१ ले पराजित गरेको थियो भने दोस्रो खेलमा बंगलादेशसँग ३-२ ले पराजित भएको थियो । त्यसयता नेपालले लगातार तीन खेल जित्दा कुनै गोल बेहोरेको छैन । श्रीलंकालाई दुवै खेलमा ७-० ल पराजित गरेको नेपालले पछिल्लो खेलमा भुटानलाई ८-० ले हराएको थियो ।

उता बंगलादेशले श्रीलंकालाई पहिलो खेलमा ९-१ ले हराउँदै सानदार सुरुवात गरेको थियो । बंगलादेशले तीनवटै विपक्षीसँग गोल खाएको छ । दोस्रो खेलमा नेपाललाई ३-२ ले र तेस्रो खेलमा भुटानलाई ४-१ ले हराउँदा बंगलादेशले गोल खाएको हो । त्यसपछि बंगलादेशले भुटानलाई ३-० र श्रीलंकालाई ५-० ले पराजित गरेको थियो ।

नेपाली टोलीका कप्तान बिर्सना चौधरीले च्याम्पियन बन्नकै आएको र च्याम्पियन बनेर नै नेपाल फर्कने लक्ष्य रहेको सुनाएकी छन् । 'टिमवर्कले जित्ने हो । मिहिनेत गरेर खेले जितिन्छ, बिर्सनाले भुटान विरुद्धको पछिल्लो खेलमा ८-० को जित हात पारेपछि भनिन्, 'हाम्रो लक्ष्य भनेकै च्याम्पियन बनेर जाने हो ।'

बिर्सनाले बंगलादेश विरुद्ध उत्कृष्ट प्रदर्शन गर्नुपर्ने बताइन् । 'हामीले उनीहरूलाई कमजोर नठानी प्रतिस्पर्धा गर्नुपर्छ । यसअघि उनीहरूले २ गोल गर्दा पनि हामीले फर्काउन सक्यौं । भुटानसँग जस्तै खेल्न सके हामीले बंगलादेशलाई जित्न सक्छौं ।'

### बंगलादेशविरुद्ध बदला लिने लक्ष्य

यसअघि लिग चरणमा नेपाल बंगलादेशसँग ३-२ ले पराजित भएको थियो । उक्त खेलमा नेपालले पहिलो हाफमै दुई गोल बेहोरेको थियो । तर दोस्रो हाफमा रातो कार्डले खेल परिवर्तन गर्दा नेपालले दुई गोल फर्काएको थियो । दुवै टोलीका एक-एक खेलाडीले रातो कार्ड पाएपछि खेलको अवस्था फेरि यो । नेपालले लगातार दुई गोल गर्दै खेल २-२ को बराबरीमा ल्याएको थियो ।

तर अन्तिम समयमा नेपाल सम्हालिन सकेन । इन्जुरी टाइमको पनि अन्तिम मिनेटमा नेपालले गोल खाएपछि हार बेहोर्न बाध्य भएको थियो । त्यसबेला ७ मिनेटको इन्जुरी टाइम थप गरिएपनि ११ मिनेटको खेल भएको थियो । नेपाली यू-२० महिला टिमका मुख्य प्रशिक्षक याम प्रसाद गुरुङले बंगलादेशविरुद्धको पहिलो खेलको विश्लेषण गरेर अन्तिम खेलमा रणनीति बनाउने बताएका छन् ।

'अन्तिम खेल महत्वपूर्ण छ । यसअघि बंगलादेशसँग दुई गोल कसरी खायो । के गल्ती भयो त्यो अध्ययन गरेर नयाँ रणनीति बनाउनेछौं' गुरुङले भनेका छन् । गुरुङले स्ट्राइकिङ लाइनमा केही परिवर्तन गर्ने संकेत देखाएका छन् । विशेषगरी नेपालका लागि पूर्णिमा राई र मिना देउबाले उत्कृष्ट प्रदर्शन गरिरहेका छन् । यस्तै सेनु परियार, समिक्षा मगर, वर्षा ओली, सुक्रिया मियाले पनि उनीहरूलाई राम्रो साथ दिइरहेका छन् ।

नेपाली टोलीका कप्तान मिडफिल्डर बिर्सना चौधरीले पनि नेपालको बलियो पक्ष स्ट्राइकर रहेको र अन्य क्षेत्रमा केही सुधार गर्नुपर्ने बताएकी छन् । 'हाम्रो स्ट्राइकर राम्रो छ । मिडफिल्डमा डिफेन्समा अली काम गर्नुपर्नेछ' बिर्सनाले भनेकी छन् ।

कप्तान बिर्सनाले पनि प्रशिक्षकले भनेजस्तै यसअघि बंगलादेश विरुद्ध खेल्दा भएको गल्तीलाई सुधार गर्दै अन्तिम खेलमा राम्रो प्रदर्शन गर्नुपर्ने बताएकी छिन् । नेपाल र बंगलादेशबीच अन्तिम खेल सोमबार ढाकास्थित बसुन्धरा किंग्स एरेनामा साँझ पौने ७ बजे हुनेछ ।

# नेपालले फेरि पायो आईसीसीको 'डिजिटल फ्यान इन्गेजमेन्ट अवार्ड'




काठमाडौं/नेपाल क्रिकेट संघ (क्यान)ले लगातार दोस्रोपटक अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी)को ग्लोबल अवार्ड्स अन्तर्गत 'डिजिटल फ्यान इन्गेजमेन्ट अफ दि इयर' अवार्ड जितेको छ ।

सिंगापुरमा भएको वार्षिक सम्मेलनमा आईसीसीले नेपाललाई उक्त अवार्ड प्रदान गरेको हो । यसअघि गत वर्ष पनि नेपालले डिजिटल फ्यान इन्गेजमेन्ट अवार्ड जितेको थियो ।

सम्मेलनमा सहभागी नेपाल क्रिकेट संघ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्द, सचिव पारस खड्का र कोषाध्यक्ष पदम खड्काले आईसीसी अध्यक्ष जय शाहबाट अवार्ड ग्रहण गरे ।

क्यानले पछिल्लो वर्ष डिजिटल उपस्थितिमा उल्लेखनीय उपलब्धि हासिल गरेको तथ्यांक आईसीसीले सार्वजनिक गरेको छ । फेसबुक, इन्स्टाग्राम, युट्युब, एक्स र नयाँ सुरु गरिएको क्यान डोमेस्टिक फेसबुक पेजमार्फत गरिएको रणनीतिक विस्तारले करिब ११७ मिलियन पहुँच पुर्‍याएको छ।

फलोअर्स संख्या करिब ११.७ लाखबाट १५.९ लाखसम्म पुग्दै ४ लाख २० हजारभन्दा बढी नयाँ फलोअर्स थपिएका छन् ।

फेसबुकमा भिडियो हेर्ने समय दोब्बर हुँदै १ करोड ३४ लाख मिनेटभन्दा बढी पुगेको छ भने डोमेस्टिक पेजले मात्रै ४४ लाख मिनेटभन्दा बढी वाच टाइम हासिल गरेको छ ।

युट्युब वाच टाइम २७७ प्रतिशतले वृद्धि हुँदै २१ लाख ३० हजार घण्टा पुगेको छ । इन्स्टाग्राममा भ्यूज ४ करोडभन्दा बढी पुगेका छन्, जसमा खेलका हाइलाइट्स, खेलाडीका कथाहरू र लाइभ अपडेटहरूले फ्यानलाई आकर्षित गरेका छन् ।

नेपाली क्रिकेटप्रति सामाजिक सञ्जाल तथा अन्य डिजिटल माध्यममा देखिएको यही समर्थन र संलग्नताका आधारमा अवार्ड दिइएको हो । नेपाली क्रिकेटलाई देशभित्र मात्र नभएर देशबाहिर पनि व्यापक समर्थन प्राप्त हुँदै आएको छ ।

# नेपाली फिल्म नहुँदा विदेशी फिल्मले भरिए हल

काठमाडौं/वर्षो नि चाडपर्वमा नेपाली फिल्म रिलिजको बाढी नै आउने गर्छ । तर, मनसुनी महिना असार र साउनमा भने रिलिजको चाप ह्वात्तै घट्ने गरेको छ ।

वर्षाले व्यापार प्रभावित हुने भयले निर्माताहरू हत्तपत्त यी दुई महिना फिल्म रिलिज गर्नै चाहँदैनन् । यसपटक पनि यही अवस्था रह्यो । गत असारमा जम्मा एउटा फिल्म रिलिज भयो । साउनमा भने तीनवटा फिल्म प्रदर्शन हुने तयारीमा छन् ।

असारबाहेक बैशाख र जेठमा फिल्म रिलिजको चाप राम्रो थियो । यो दुई महिनामा झन्डै एक दर्जन फिल्म रिलिज भए । जसले गर्दा हलमा नेपाली फिल्मको अभाव देखिएन । तर, असारदेखि फिल्म रिलिज ठप्पजस्तै हुँदा यतिबेला विदेशी फिल्महरूले हल भरिएका छन् । अहिले एक दर्जन विदेशी फिल्महरू प्रदर्शनरत छन् भने नेपाली फिल्म मात्र दुईवटा छन्, त्यो पनि सीमित हलमा ।

गत बैशाखको सुपरहिट फिल्म 'ऊनको स्वीटर'लाई अझै केही हलहरूले चलाइरहेका छन् । असार अन्तिमको फिल्म 'यो मन त मेरो नेपाली हो' पनि एकाध हलमा प्रदर्शन भइरहेको छ । यसबाहेक हलहरूमा सबै विदेशी फिल्म छन् । त्यसमध्ये शुक्रबारबाट प्रदर्शनमा आएको हिन्दी फिल्म 'सैयारा'मा दर्शकको राम्रो चाप देखिन्छ । शुक्रबार र शनिबार यो फिल्मले आकर्षक कमाइ गर्‍यो ।

'सैयारा'सहित नेपालका हलमा भारतीय फिल्महरू 'निकिता रोय', 'तान्भी: द ग्रेट', 'मालिक', 'मेट्रो इन दिनो', 'सितारे जमिन पर', 'माँ' र 'कनप्पा' प्रदर्शनरत छन । त्यस्तै, हलिउड फिल्मतर्फ 'आइ नो ह्वाट यू डिड लास्ट समर', 'सुपरम्यान', 'जुरासिक वर्ल्ड रीबर्थ' र 'एफ वान : द मुभी' प्रदर्शन भइरहेका छन् । यसरी हेर्दा हलमा फिल्मको अभाव देखिँदैन । अभाव छ त मात्र नेपाली फिल्मको ।

अब एकैपटक साउन दोस्रो साता अर्थात् १६ गते मात्र नेपाली फिल्म हलमा लाग्नेछ । त्यो फिल्म हो, 'रियाल रिङ्गेट' । यसपछि साउन २३ गते 'सिटामोल' र 'मोहर' प्रदर्शन हुँदैछन् । मनसुनका कारण असार र साउनमा फिल्म रिलिजको चाप कम भए पनि भदौदेखि हलहरू नेपाली फिल्मले भरिभराउ हुनेछन् । आगामी मंसिर सम्म हरेक महिना आधा दर्जन बढी फिल्म प्रदर्शन हुँदैछन् ।

*(स्रोत: फिल्मीखबर)*

# 'जनै हराएको मान्छे'को टिजरलाई प्रतिक्रिया: 'भावनात्मक र अर्थपूर्ण'

काठमाडौं/कीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारङ्गी'का अभिनेता विजय बरालको मुख्य भूमिका रहेको नयाँ फिल्म 'जनै हराएको मान्छे' आगामी भदौ ६ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । गत साता फिल्मको टिजर सार्वजनिक गरिएको थियो, जसले युट्युबमा भ्यूज र प्रतिक्रिया दुवै राम्रो पाएको छ । १३ लाख बढी भ्यूज प्राप्त टिजरलाई उल्लेख्य मात्रामा सकारात्मक प्रतिक्रिया मिलेको छ ।

एक हजार बढी प्रतिक्रियामा विजयको अभिनय र टिजरका दृश्यको प्रशंसा मात्र छ । कतिले विजयले फेरि रुवाउने भए भन्दै प्रतिक्रिया जनाएका छन् भने कतिले टिजरलाई भावनात्मक र अर्थपूर्ण भनेका छन् । टिजरको आधारमा फिल्म सुपरहिट हुने दाबी पनि धेरैले गरेका छन् । यसरी हेर्दा दर्शकलाई फिल्मप्रति उत्सुकता जगाउन टिजर सफल भएको देखिन्छ ।

टिजरले युट्युबमा आफ्नो पकड पनि बलियो बनाएको छ । अहिले युट्युब ट्रेन्डिङको चौथो स्थानमा टिजर स्ट्रिमिङ छ । रिलिजको २४ घन्टामै टिजरले युट्युबमा १० लाख भ्यूज कटाएको थियो । टिजरलाई प्राप्त भ्यूज र प्रतिक्रियाले निर्माण टिम उत्साहित देखिएको छ । फिल्मका निर्देशक हिमाल न्यौपानेले अब अन्य गीत र ट्रेलर अझ उत्कृष्ट निकाल्नुपर्ने चुनौती थपिएको बताएका छन् ।

टिजर अनुसार 'जनै हराएको मान्छे' एक युवाको सपना, संघर्ष र सम्बन्धमा आउने उतार चढावको कथामा आधारित रहेको देखिन्छ । विजय बराललाई बुबाको इच्छाविपरीत कोरिया जाने सपना बोकेर सहर पसेको एक महत्त्वाकांक्षी युवाको भूमिकामा देखाइएको छ । सहरको कठिन जीवनशैली, प्रेमको सुरुवात र दिदीसँगको भावनात्मक द्वन्द्वले कथावस्तु गहिरो रहेको संकेत टिजरले गर्छ ।

'सम्बन्धका धागाहरू' उपशीर्षक राखिएको फिल्ममा विजयसहित केकी अधिकारी, मिरु मगर, गौरव पहाडी, सुशांक मैनाली, भोलाराज सापकोटा, रियर राई, भावना खपांगी मगर लगायतको अभिनय रहेको छ । भानुभक्त ढकालको कथा, पटकथा र संवादमा तयार भएको फिल्मलाई पेपरक्लिपको ब्यानरमा कमल न्यौपाने र विमल न्यौपानेले निर्माण गरेका हुन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पुष्पलाल स्मृति दिवस सन्दर्भमा स्वर समर्पण-जनसांगीतिक साँझ हुने

साझाकुरा संवाददाता

हेटौंडा, ४ साउन/ नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको ४७ औं स्मृति दिवसको सन्दर्भमा हेटौंडामा स्वर समर्पण-जनसांगीतिक साँझ हुने भएको छ ।

नेकपा एमाले मकवानपुर जनसंगठन समन्वय संयन्त्रको आयोजना एवम् राष्ट्रिय जनसांस्कृतिक महासंघ मकवानपुरको व्यवस्थापनमा आउँदो ७ गते स्वर समर्पण-जनसांगीतिक साँझ कार्यक्रम हुन लागेको हो । हेटौंडा उपमहानगरपालिका-४ स्थित रोयल पार्टी प्यालेसमा दिउँसो ४ बजेबाट सुरुहुने कार्यक्रममा राष्ट्रिय जनसाँस्कृतिक महासंघले १४ वटा जनवादी गतीको प्रस्तुति दिने तयारी गरेको छ । यस्तै अनेरास्ववियु लगायत अन्य जनसंगठनको समेत विशेष प्रस्तुती रहने जनसंगठन समन्वय संयन्त्र प्रमुख सन्तोष पौडेलले बताए ।



कार्यक्रममा पार्टी स्वयमसेवक विभागले स्वयमसेवक ब्यवस्थापन र परिचालनको जिम्मेवारी सम्हालेको छ । जनसंगठन समन्वय संयन्त्र प्रमुख पौडेलले कार्यक्रमको तयारी पूरा भैइसकेको बताउदै जनसंगठन समन्यव संयन्त्र नेकपा एमालेको भातृसंगठनको समन्वय र परिचालन गर्ने बैधानिक संरचना हो । संयन्त्रले जनसंगठनको प्रभावकारी परिचालन, बैचारिक राजनीतिक प्रशिक्षण, जनतासँग जनसंगठन अभियान संचालनलगायत आधारभूत तहसम्म जनसंगठन बिस्तार र सुदृढीकरणको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताए ।

यस्तै यसवर्ष पुष्पलाल स्मृति दिवसको सन्दर्भमा आयोजित स्वर समर्पण-जनसांगीतिक साँझले नयाँ पुस्तालाई जनवादी गीतसंगीत मार्फत् नेपालको कम्युनिस्ट आन्दोलन, समाज र जीवनको बारेमा बुझाउने अपेक्षा आयोजकको रहेको बताए । १५ असार १९८१ मा रामेछापको भँगेरीमा जन्मिएका श्रेष्ठको ७ साउन २०३५ मा भारतको गोविन्दबल्लभ पन्त अस्पतालमा उपचारका क्रममा निधन भएको थियो । पुष्पलालले जनताका पक्षमा अधिकार स्थापित गर्ने लक्ष्यकासाथ १० वैशाख २००६ मा नेकपा स्थापना गरेका थिए । नेकपाको स्थापना कोलकाताको श्यामबजारमा पुष्पलाल, नरबहादुर कर्माचार्य, निरन्जनगोविन्द वैद्य, नारायणविलास जोशी, मोतीदेवी श्रेष्ठको सक्रियतामा भएको थियो । राणाविरोधी आन्दोलनका शहीद गंगालाल श्रेष्ठका माइला भाइसमेत रहेका श्रेष्ठ दाजुको हत्या भएपछि १५ वर्षकै उमेरमा राणाशाही बिरोधी आन्दोलनमा सक्रिय भए ।

छोरा राजनीतिमा लागेकै कारण पिता भक्तलालको सुब्बाको जागिर खोसिएको थियो । २०१७ सालको राजाको कदम पछाडि उनले भूमिगत निर्वासित जीवन बिताएका थिए । त्यसपछि २०२५ सालमा पञ्चायती निरंकुशताको अन्त्यका लागि 'संयुक्त जनआन्दोलनको कार्यदिशा' अगाडि सार्ने उनी पहिलो नेता हुन् । सरकारले पुष्पलालको सम्मानमा राष्ट्रिय पुरस्कार स्थापना गरेको छ ।

# गौरीटारमा निर्माणाधीन क्रिकेट रंगशालाले गति लियो



साझाकुरा संवाददाता

हेटौंडा, ४ साउन/ हेटौंडा उपमहानगरपालिका-६ स्थित गौरीटारमा निर्माण भइरहेको क्रिकेट रंगशालाको काम तीव्रगतिमा अघि बढिरहेको छ ।

बागमती प्रदेशको युवा तथा खेलकुद मन्त्रालय सहकार्यमा निर्माण भइरहेको रंगशाला आधुनिक पूर्वाधारसहितको बन्ने लक्ष्य छ । रंगशालामा अहिले मुख्य पिच, मैदानको संयोजन, तारबार र एक साइडको दर्शकदीर्घा (स्ट्यान्ड) निर्माण भइसकेको छ । मैदानको चारैतिर घेराबार गरिएको छ भने मैदानको छेउमा हरियाली र व्यवस्थित ग्रीन आउटफिल्ड विकास भइरहेको छ । रंगशालाको पूर्वीभागमा पिचको संरचना तयार पारिएको छ भने चारैतिर बलबाउन्ड्रीको लागि तारबारको काम पूरा भएको छ । रंगशालाको एकछेउमा आधुनिक छानावाला स्ट्यान्ड बनाइएको छ, जहाँ दर्शक बस्ने व्यवस्था छ ।

मैदानको ग्रीन आउटफिल्ड सजिएको छ, पृष्ठभूमिमा पहाड र हरियालीले दृश्यलाई अझ रमणीय बनाएको छ । रंगशाला तयार भएसँगै मकवानपुर जिल्लाका क्रिकेट प्रतिभाहरुलाई अभ्यास र प्रतियोगिताको स्थायी पूर्वाधार उपलब्ध हुनेछ । साथै, भविष्यमा प्रदेशस्तरीय र राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने लक्ष्य छ । प्रदेश सरकारले गत आर्थिक वर्षदेखि क्रिकेट रंगशालामा १२ करोड र स्विमिङ पुल निर्माणका लागि नौ करोड रुपैयाँ विनियोजन गरेको थियो । क्रिकेट रंगशालामा पहिलोचरणमा ६ सयभन्दा बढी दर्शक क्षमताको एउटा प्यारापिट बन्नेछ ।

यसअघि शिलान्यास भएको १७ वर्षपछि गौरीटार फुटबल रंगशालाको उद्घाटन भएको थियो । फुटबल रंगशालाले पूर्णता पाउन डेढ दशक लागेको हो । बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामातामाङले रंगशालाको उद्घाटन गरेका थिए । निर्धारित मिति अनुसार २०८१ पुस २९ मा रंगशालाका सबै निर्माणकार्य सकिनुपर्ने थियो । २०७४ मा प्रदेश सरकारको मातहत आएपछि रंगशालाको भौतिक निर्माणले गति लिएको हो ।

# पोखरा निन्जाजको सप्रशिक्षकको जिम्मेवारी मकवानपुरका श्रेष्ठलाई

साझाकुरा संवाददाता

हेटौंडा, ४ साउन/ फ्रेन्चाइज महिला भलिबल लिगका लागि पोखरा निन्जाजको सहायक प्रशिक्षकको जिम्मेवारी मकवानपुरका सन्तोष श्रेष्ठले पाएका छन् ।

श्रेष्ठ एफआईभीबी लेभल २ कोच हुन् । निन्जाजले अनुभवी प्रशिक्षक रुपेशकुमार विष्टलाई मुख्यप्रशिक्षकको जिम्मेवारी दिएको छ । नेपालकै एकमात्र फ्रेन्चाइज आधारित महिला भलिबल लिग 'वात्सल्य एभरेष्ट महिला भलिबल लिग'को दोस्रो संस्करणका लागि निन्जाजले प्रशिक्षक र सहायक प्रशिक्षक नियुक्त गरेको हो । भदौ २० गतेबाट आयोजना हुने लिगमा सहभागी हुने पोखरा निन्जाजले आफ्नो टोलीको प्रशिक्षण तीव्रपार्ने जनाएको छ । सहायकप्रशिक्षकको जिम्मेवारी पाएका सन्तोषले अन्तर्राष्ट्रियस्तरको खेलमा पनि प्रशिक्षण दिएका छन् ।

विगत १० वर्षदेखि काम गरिरहेका सन्तोष लिगको पहिलो संस्करणमा कर्णाली यशवीसको कोच रहेका थिए । नेपाली भलिबलको इतिहासमै गतवर्ष पहिलोपटक महिलाको फ्रेन्चाइज लिग एभरेष्ट महिला भलिबल लिग सफलतापूर्वक आयोजना भएको थियो । त्यतिबेला भने अक्सन भएको थिएन । यसवर्ष दोस्रो संस्करणबाट अक्सन सुरु गरिएको हो । यस अक्सनमा साबिक विजेता कर्णाली यशवीस, ललितपुर क्विन्स, काठमाडौं स्पाइकर्स, मधेश युनाईटेड, पोखरा निन्जाज र लुम्बिनी लाभा गरी कुल ६ फ्रेन्चाइज टोलीले बोली लगाएका थिए ।

हरेक फ्रेन्चाइज टोलीले अक्सनमा १३ खेलाडी रहेको क्याटेगोरी 'ए' बाट एकजना, ४३ खेलाडी रहेको क्याटेगोरी 'बी' बाट तीन र १८ खेलाडी रहेको क्याटेगोरी 'सी' बाट तीनजना खेलाडी अनिवार्य लिनुपर्ने प्रावधान थियो । यहाँबाट हरेक टोलीले कुल सातजना खेलाडी लिनुपर्ने थियो । सबै टोलीले समान एक मार्की खेलाडी छनोट राखिसकेका छन् ।

# खैरोहेरोईन सहित ८ जना पक्राउ

हेटौंडा, ४ साउन/ मकवानपुर प्रहरीले अवैध लागुऔषध खैरोहेरोईन सहित ८ जनालाई पक्राउ गरेको छ । हेटौंडाका विभिन्न स्थानमा लागूऔषधको कारोवार भइरहेको भन्ने विशेष सूचनाको आधारमा प्रहरीले ६ ग्राम ९ सय १० मिलिग्राम खैरौहेरोईन सहित ८ जनालाई पक्राउ गरेको हो ।

हेटौडा १ बस्ने वर्ष २० को सतिस लामा, वडा नं. ५ सानोपोखरा बस्ने वर्ष २० को सन्जिव लामा, भीमफेदी २ कालिकाटार बस्ने वर्ष १९ की सन्ध्या पाख्रिन र मकवानपुर गढी-२ बाँसपानी बस्ने वर्ष १९ की सन्ध्या घलानको साथबाट प्रहरीले २ ग्राम २१० मिलिग्राम खैरौहेरोईन बरामद गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता श्यामु अर्यालले जानकारी दिए । हेटौंडा-१५ रातोमाटे चेकिङपोईन्टबाट ना ३७ प ६४४९ नं. को मोटरसाइकललाई चेकजाँच गर्दा चालक पर्सा पोखरीया न.पा. वडा नं. ०१ बनकटवा बस्ने वर्ष २७ को अकलेश महतो कुशहवाको साथबाट २ ग्राम ९१० मिलिग्राम बरामद गरिएको हो ।

यसैगरी सप्तरी सम्भुनाथ नपा वडा नं.६ घरभई हाल हेटौंडा-९ लामसुरे बस्ने वर्ष ३६ को शैलेन्द्र चौधरी र सप्तरी राजगढ गापा वडा नं. ०२ बनैनिया घरभई हेटौंडा-१० बस्ने वर्ष ३६ को अजय सिंहको साथबाट १ ग्राम २८० मिलिग्राम र हेटौंडा-१५ भोर्ले बस्ने वर्ष ३० को उमेश मोक्तानको साथबाट ५१० मिलिग्राम गरी जम्मा ६ ग्राम ९१० मिलिग्राम फेला परेको प्रवक्ता अर्यालले जानकारी दिए ।

# बागमतीमा लक्ष्यको ८४ प्रतिशत मात्रै राजश्व संकलन

साझाकुरा संवाददाता

हेटौंडा, ४ साउन/ बागमती प्रदेश सरकारले आर्थिक वर्ष ०८१/८२ मा लक्ष्यको ८४ प्रतिशत मात्रै आन्तरिक आय संकलन गरेको छ ।

गत आर्थिक वर्षमा प्रदेशले चार अर्ब ५३ करोड ८४ लाख रुपैयाँ आन्तरिकआय संकलन गर्ने लक्ष्य लिएको थियो । तर, असार मसान्तसम्म तीन अर्ब ८१ करोड ५८ लाख रुपैयाँ मात्रै संकलन भएको मन्त्रालयले जनाएको छ । अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा तीन अर्ब ६६ करोड २० लाख रुपैयाँ संकलन गरेर ९७ दशमलब ५२ प्रतिशत लक्ष्य पूरा गरेको थियो । आर्थिक मामिला तथा योजना मन्त्रालयको तथ्यांकअनुसार प्रदेशले आन्तरिकआयतर्फ सवारीचालक अनुमतिपत्र (लाइसेन्स), ब्लुबुक नवीकरण बापत दुई अर्ब २५ करोड ८९ लाख रुपैयाँ राजस्व संकलन गरेको छ भने वन क्षेत्रको आयबापत दुई करोड ११ लाख रुपैयाँ, व्यवसाय रजिस्ट्रेसन दस्तुरबापत ३५ करोड ९८ लाख रुपैयाँ संकलन भएको छ ।

प्रदेशले यातायातक्षेत्रको आम्दानीबापत ६६ करोड २८ लाख रुपैयाँ, परीक्षा शुल्कबापत १२ करोड ३७ लाख रुपैयाँ, पर्यटन शुल्क र पदमार्ग शुल्कबापत क्रमशः ६९ हजार र ५१ हजार रुपैयाँ राजस्व संकलन गरेको छ । कृषिक्षेत्रको आयकरतर्फ १३ हजार रुपैयाँ, कृषिउत्पादनको बिक्रीबापत तीन करोड ६९ लाख सात हजार रुपैयाँ र अन्य स्रोतबाट प्राप्त हुने रोयल्टीबापत १४ लाख ४३ हजार रुपैयाँ राजस्व संकलन गरेको मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीले बताए । मैनालीकाअनुसार आर्थिक वर्ष २०८१/८२ मा कुल अनुमानित राजस्व संकलन भने लक्ष्यको ९४ प्रतिशत संकलन भएको छ । प्रदेशले ६४ अर्ब ५४ करोड ४ लाख रुपैयाँ राजस्व संकलनको लक्ष्य लिएकोमा असार मसान्तसम्म ६० अर्ब ७४ करोड ७५ लाख रुपैयाँ संकलन गरेको हो ।

राजस्व बाँडफाँटबाट प्राप्त हुने आम्दानीमा ८३ प्रतिशत संकलन भएको छ । यो शीर्षकबाट २९ अर्ब ५५ करोड ८९ लाख रुपैयाँ राजस्व प्राप्त हुने अनुमान लिएकोमा २४ अर्ब ५३ करोड ४० लाख रुपैयाँ संकलन गरेको हो । घरजग्गा र जिस्ट्रेसन दस्तुरबापत ७९.९१ प्रतिशत (६ अर्ब १५ करोड ३० लाख रुपैयाँ), मूल्यअभिवृद्धि कर ९३.९२ प्रतिशत (आठ अर्ब नौ रकोड ४१ लाख रुपैयाँ), अन्तःशुल्क ७८.४१ प्रतिशत (दुई अर्ब ८९ करोड ६१ लाख रुपैयाँ) र सवारीसाधन कर ८२.३१ प्रतिशत (६ अर्ब १७ करोड ३५ लाख रुपैयाँ) संकलन भएको मन्त्रालयले जनाएको छ ।




बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
सामाजिक विकास कार्यालय
हेटौडा, नेपाल
फोन नं. ०५७-४१२७१६

## सीप विकास तालिम संचालनको लागि दरखास्त आह्वान सम्बन्धी सूचना !

*(प्रथम पटक प्रकाशित मिति २०८२/०४/०५ गते)*

यस कार्यालयको चालु आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार २०८२ साउन महिनादेखि संचालन गरिने देहाय अनुसारका सीप विकास तालिमहरुमा सहभागि हुन इच्छुक निम्न योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र दरखास्त फारम भरी यस कार्यालयमा (कार्यालय समय भित्र) पेश गर्न हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित भएको छ ।

**१. सञ्चालन हुने तालिमहरू:**

| सि.नं | तालिमको विषय | तालिमको अवधि | संख्या | न्यूनतम शैक्षिक योग्यता | तालिम संचालन हुने स्थान | अन्तरवार्ता मिति | आवेदन फाराम पाईने स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | कम्प्युटर सफ्टवेयर | ६ महिने/७३० कार्य घण्टा | २० | SLC/SEE उतिर्ण | कार्यालयको तालिम भबन कमाने | २०८२/०४/२१ गते विहान ११ बजे देखि | सामाजिक विकास कार्यालय, हेटौडा मकवानपुरमा पाइने वा यस कार्यालयको वेब साईट (www.sdohetauda.bagamati.gov.np) बाट फर्म डाउनलोड गर्न सकिने छ । |
| २. | जनरल मेकानिक्स | | १० | ८ कक्षा उतिर्ण | | | |
| ३. | केश श्रृगांर तथा सौन्दर्य वेसिक | ३ महिने/३९० कार्य घण्टा | २० | ८ कक्षा उतिर्ण | कार्यालयको तालिम भबन | २०८२/०४/२२ गते विहान ११ बजे देखि | |
| ४. | प्लम्विङ्ग | | २० | ८ कक्षा उतिर्ण | | | |
| ५. | सिलाई कटाई वेसिक | ३ महिने/३९० कार्य घण्टा | २० | ८ कक्षा उतिर्ण | कार्यालयको तालिम भबन कमाने | २०८२/०४/२३ गते विहान ११ बजे देखि | |
| ६. | इलेक्ट्रोनिक्स मर्मत | | २० | १० कक्षा उतिर्ण | | | |

**तालिम लिन ईच्छुक उम्मेदवारहरुले पालना गर्नुपर्ने शर्तहरू:**

१. प्रशिक्षार्थी आवेदन फाराममा हालसालै खिचेको पासपोर्ट साइजको फोटो टांसी नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि राखी २०८२/०४/१९ गते (सो दिन बिदा परेमा भोलिपल्ट) सम्म कार्यालयमा पेश गर्नुपर्नेछ ।
२. तालिममा सहभागि हुने उम्मेदवारहरुको छनौट अन्तर्वाता द्वारा गरिने छ साथै अर्न्तवार्ताका लागी तोकिएको मितिमा यस कार्यालय, हेटौंडा-८, कमानेमा आफ्नो सक्कल कागजातहरु सहित उपस्थित हुनुपर्ने छ ।
३. तालिममा छनौट भएका उम्मेदवारहरुको तालिम संचालन मिति नतिजा प्रकाशनको दिन तोकिने छ ।
४. तालिममा गरिब, विपन्न, दलित, महिला, पिछडिएको वर्ग समुदाय, अपाङ्ग, जनआन्दोलनमा घाईते शहिद परिवार तथा एकल महिलालाई प्राथमिकता दिईनेछ ।
५. तालिम लिन ईच्छुक उम्मेदवारहरु शारिरीक र मानसिक रुपमा स्वास्थ्य र उमेर १६ वर्ष पुगी ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
६. सञ्चालन हुने तालिमहरु ३ महिने/३९० कार्य घण्टा र ६ महिने/७३० कार्य घण्टा तालिमको हकमा दैनिक औसत ५ देखि ६ घण्टा तालिम सञ्चालन गरिनेछ ।

कार्यालय प्रमुख

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना